"हरित नगर, समृद्ध दमक"

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं.

फोन नं. ०२३ ५८००४४
५८०१३७
फ्याक्स ०२३ ५८०१४६
email info@mundamak.gov.np
www.mundamak.gov.np

# सिलबन्दी दरभाउपत्र फारम

## १. सुचनाको व्यहोरा

### राशन ठेक्का आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०९।१९)

यस दमक नगरपालिका अन्तर्गत रहेको दमक अस्पतालमा उपचारार्थ भर्ना हुने बिरामीहरुको लागि मिति २०७८ माघ १ गते देखि मिति २०७९ पौष मसान्त सम्म एक बर्षको निम्ति (सिदा) ठेक्कबाट बन्दोबस्त गर्ने निर्णय भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरि तोकिएको अवधि भित्र नियमानुसारको शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

तपसिल

| क्र. स. | ठेक्कानं. | बिवरण | न्यूनत मठेक्का अंक मुअकर बाहेक | जमानत | सिलबन्दी दरभाउपत्र फारम दस्तुर | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मितिर स्थान | सिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | DAMAK/JHAPA/RA/49/078/079 | रासन बन्दोबस्त | १६,००,०००। सोह्र लाख मात्र | ४०,०००। चालिस हजार | १०००।- | सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म | फारम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२ बजे सम्म |

शर्तहरु

१) ईच्छुक बोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, भ्याटमा दर्ता भएको प्रमाण पत्र र गत आ. ब. २०७७/०७८ को कर चुक्ता प्रमाण–पत्र पेशगरी कार्यालयबाट शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

"हरित नगर, समृद्ध दमक"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं प्रदेश, नेपाल
फोन नं. ०२३ ५८००४४
५८०१३७
फ्याक्स ०२३ ५८०१४६
email info@mundamak.gov.np
www.mundamak.gov.np

प.सं. २०७८/०७९
च.नं.

## २. अन्य शर्तहरु

१) दमक अस्पतालमा भान्सेको व्यबस्था नभएकाले आपुर्तिकर्ताले राशन आपुर्तिका साथै बिरामीका लागि तोकिएका सरसामानको तोकिएको परिमाणमा खाना पकाई बनाई खुवाउनु पर्नेछ ।

२) राशन आपुर्तिको सम्झौता राशनको हकमा इकाई दरमा र भान्से तथा ग्यासको हकमा एकमुष्ट दरमा सम्झौता गरिनेछ ।

३) भुक्तानी आपुर्तिकर्ताले कवोल गरेको दररेटमा प्रयोग भएको सामानको आधारमा मासिक रुपमा हुनेछ ।

४) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा दमक नगरपालिकाकोनिर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

५) ठेक्का संचालनको अवधिमा कुनै किसिमको थप भुक्तानी माग्न तथा सरसामानको गुणस्तर र परिमाणमा छुट माग्न पाइने छैन । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भईपरेमा प्रचलितकानून बमोजिमको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

६) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

७) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

"हरित नगर समृद्ध दमक"
**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**
**१ नं प्रदेश, नेपाल**

प.सं. २०७८/०७९
च.नं.

फोन नं. ०२३ ५८००४४
५८०१३७
फ्याक्स ०२३ ५८०१४६
email info@mundamak.gov.np
www.mundamak.gov.np

२) शिलबन्दी दरभाउपत्र दाखिला गर्न नसक्ने शिलबन्दी दरभाउपत्रदाताले रितपुर्वकको अख्तियारीनामा दिई प्रतिनिधि पठाउनु पर्नेछ । पर्न आएका शिलबन्दी दरभाउपत्रहरु शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्नेछैन । आवश्यक संख्यामा रितपुर्वक दरभाउपत्र प्राप्तहुन नआएमा नगरपालीकाको निर्णय बमोजिम हुनेछ ।

३) शिलबन्दी दरभाउपत्र फाराममा कबोल अंक अक्षरमा स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउंमा शिलबन्दी दरभाउपत्रदाताले स्पष्ट सही छाप गरेको हुनुपर्नेछ

४) शिलबन्दी दरभाउपत्रमा उल्लेखित धरौटी रकम यस कार्यालयको रा. वा. बैंक दमक स्थित धरौटी खाता हि.नं. ग-३-२१४०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला अन्तिम मितिबाट ७५ ( पचहत्तर ) दिन म्याद भएको विडवण्ड बोलपत्र साथ दाखिला गर्नु पर्नेछ ।

५) शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्टहुनेछ ।

६) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

७) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ। ठेक्का सम्वन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नु पर्नेछ ।

८) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक-झापा